अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (यूएसएआईडी)

स्थानीय नेतृत्वमा गरिने विकास
वार्षिक कार्यक्रम विवरण (एपीएस्)

एपीएस् नं: ७२००एए१९एपीएस्०००००७
जारी भएको मिति: २०७५/१२/२७
संशोधित मिति: २०७९/१२/२५
सम्पन्न मिति: २०७९/१२/२५
सीएफडीए नं: ९८.००१

इच्छुक आवेदकहरूले पढ्नुहोला: यो स्थानीय नेतृत्वमा गरिने विकास एपीएस् निवेदन वा प्रस्तावहरूको लागि आह्वान होइन । न त यसले स्थानीय नेतृत्वमा गरिने विकासका लागि सामान्य आग्रहको रूपमा काम गर्छ । इच्छुक आवेदकहरूले निश्चित देश(हरू)का लागि यूएसएआईडीका प्राथमिकता अनुरूप grants.gov मा वर्षभरि राखिन सक्ने दस्ताबेजहरू जसलाई "अतिरिक्त दस्ताबेज" भनिन्छ त्यसका आधारमा आफ्ना प्रस्तावहरू पेश गर्न सक्नेछन् । यी अतिरिक्त दस्ताबेजहरूलाई grants.gov वेबसाइटमा राखिँदा स्थानीय नेतृत्वमा गरिने विकास एपीएस पृष्ठको सम्बन्धित दस्ताबेजहरू भन्ने शीर्षकमा राखिनेछ । आफ्नो देश वा ध्यान केन्द्रित गरेका क्षेत्रहरूलाई सान्दर्भिक हुने अवसरहरूका लागि बेला बेलामा यो पृष्ठ हेर्दै गर्नुहोला । आफ्ना प्रस्तावहरूलाई LLD-APS@usaid.gov मा पठाउने वा grants.gov पेश नगर्नुहोला किनकि यस चरणमा प्रस्तावनाहरु स्वीकार गरिने छैन ।

विषयसूची


खण्ड १: एपीएस् कार्यक्रमको बारेमा विस्तृतमा जानकारी १

खण्ड २: आवेदकको योग्यता २

खण्ड ३: स्थानीय स्रोतहरू ३

खण्ड ४: स्थानीय नेतृत्वमा गरिने विकासका तरिकाहरू ३

खण्ड ५: सहयोग प्रदान गरिने मात्राको बारेमा ध्यान दिने ४

खण्ड ६: अतिरिक्त दस्ताबेज तथा यूएसएआईडीको सञ्चालन इकाइको सह-सिर्जनाका लागि निर्देशनहरू ५

खण्ड ७: मूल्याङ्कन गर्ने मापदण्डहरू ६

खण्ड ८: अवधारणा साझा गर्ने ६

खण्ड ९: संघीय सहयोग प्रदान सम्बन्धी सूचना ७

संलग्न कागजात क: आवेदकहरूलाई अवधारणा सम्बन्धी निर्देशन ८


## खण्ड १: एपीएस् कार्यक्रमको बारेमा विस्तृतमा जानकारी

वैदेशिक सहायता ऐन १९६१ को संसोधनका व्यवस्था बमोजिम अमेरिकी सरकारका प्रतिनिधिका रूपमा अमेरिकी

अन्तर्राष्ट्रिय विकास नियोग ( USAID); विकास, लोकतन्त्र तथा नव प्रवर्तन सम्बन्धी ब्युरो (DDI); स्थानीय, आस्था आधारित रूपान्तरणकारी साझेदारी (LFT) मञ्च; स्थानीय नेतृत्वमा गरिने विकासका पहलहरू (यूएसएआईडी/बीडीआई/एलएफटी/एलएलडीआई) ले स्थानीय नेतृत्वमा गरिने विकासलाई अगाडि बढाउन बृहत् किसिमका स्थानीय संस्थाहरूलाई सहयोग अवसर प्रदान गर्ने मनसाय अनुसार अवधारणाहरू (concepts) आह्वान गर्दछ । स्थानीय नेतृत्वमा गरिने विकासले विकासका लागि प्रणाली तथा परिणामहरूलाई सुधार गर्दै योगदान दिन विकास सहायता मार्फत प्राथमिकता निर्धारण, निर्णय लिने प्रक्रिया, व्यवस्थापन, मापन तथा अन्य प्रक्रियाहरूमा स्थानीय संस्थाहरूलाई सशक्तिकरण गर्दछ ।

यो वार्षिक कार्यक्रम विवरण (एपीएस) ले मिसन, ब्युरो तथा स्वतन्त्र कार्यालयहरू लगायतका यूएसएआईडीका सञ्चालन इकाइ (OU) लाई उपलब्ध गराइएको विधि हो । यसले स्थानीयकरणलाई अगाडि बढाउँछ र त्यो हासिल गर्नका लागि यूएसएआईडीका नीति, प्रक्रिया, कर्मचारी नियुक्ति तथा सहायताको वितरण सम्बन्धी निर्णयहरूमा परिवर्तनको माग गर्दछ । ती परिवर्तनहरूले स्थानीय साझेदारी तथा कार्यक्रमहरूमा सहयोग गर्दै स्थानीय पात्रहरूलाई समतामूलक ढंगले सशक्तिकरण गर्छ, स्थानीय प्रणालीहरूलाई मजबुत बनाउँछ र स्थानीय नेतृत्वलाई सहजीकरण गर्दछ । त्यसको अपेक्षित नतिजालाई बढी प्रभावकारी तथा दिगो विकास र मानवीय सहयोग प्रदान गर्दछ । नयाँ, धेरै संलग्न नभएका स्थानीय साझेदारहरूसँग सम्बन्ध विस्तार गरी नियोगका साझेदारहरूको विविधिकरण गर्ने यूएसएआईडीको खरिद तथा सहायता रणनीतिसँग यस अवधारणाको एकरूपता रहेको छ ।

यसका अलावा एपीएस्ले एजेन्सीको नीति, मार्गदर्शन तथा प्रणालीगत सोचाइ, सहकार्य, सिकाइ तथा अनुकूलन, सान्दर्भिक जानकारी सहितका तर्जुमा तथा व्यवस्थापन गरिएका क्षेत्रहरूको जगमा थप काम गर्न खोजेको छ । स्थानीय साझेदारहरूसँग यूएसएआईडीले काम गर्ने क्षमतामा अभिवृद्धि गर्ने, ती संलग्नताहरूबाट सिक्ने तथा त्यसलाई बृहत् रूपमा साझा गर्ने उद्देश्य यसले राखेको छ । महिला, युवा, धार्मिक तथा जातीय अल्पसंख्यक, एलजीबीटीक्यूआई+, तथा लैंगिक रूपमा विविधतायुक्त नागरिकहरू जस्ता परम्परागत रूपमा सीमान्तीकरणमा परेका स्थानीय व्यक्तिहरूतर्फ निर्णय गर्ने अधिकार प्रत्यायोजन गर्ने तरिकाहरूलाई यसले प्रोत्साहित गर्दछ र विविधतालाई प्राथमिकतामा राख्दछ । विविधतायुक्त स्थानीय साझेदारहरूसँग काम गर्ने, त्यस्ता सहकार्यबाट सिक्ने र उक्त सिकाइलाई बृहत् रूपमा साझा गर्ने यूएसएआईडीको क्षमतालाई यसले सुदृढ गर्छ ।

एपीएस् विश्वव्यापी हो र सबै क्षेत्रमा काम गर्ने स्थानीय पात्रहरूका लागि खुला रहेको छ । एपीएस्बाट पाउने सहयोगले स्थानीय पात्रहरूलाई आफ्नो समुदाय, देश तथा क्षेत्रहरुमा रहेका विकासका चुनौतीहरूलाई पहिचान गरी तिनीहरूलाई सम्बोधन गर्न नेतृत्वदायी भूमिका लिन सशक्तिकरण गर्दछ । एपीएस् अन्तर्गत रही यूएसएआईडीले स्थानीय नेतृत्वमा गरिने विकासका क्षेत्रमा विविधता तथा लचकता भएका, नवीन तथा प्रयोगात्मक तरिकाहरूलाई सहयोग प्रदान गर्ने उद्देश्य लिएको छ ।

## खण्ड २: आवेदकको योग्यता

स्थानीय प्राथमिकताहरूलाई तय गर्ने तरिका प्रदर्शन गर्न सक्ने वा आफ्ना समुदाय, देश वा क्षेत्रहरूले सामना गर्नुपर्ने विकासका चुनौतीहरूका बुझाइलाई अगाडि ल्याउन सक्ने विविध स्थानीय पात्रहरूबाट आउने अवधारणालाई यूएसएआईडीले स्वागत गर्दछ । योग्य आवेदकहरू तल उल्लेख गरे बमोजिम हुन्छन् :

१. स्थानीय संस्थाहरू हुनुपदर्छ । एपीएस्को प्रयोजनका लागि कुनै संस्था योग्य छन् कि छैनन् भन्ने यकिन गर्न यूएसएआईडीले तल उल्लिखित मापदण्डहरूलाई प्रयोग गदर्छन् (स्थानीय संस्थाको परिभाषाका लागि यूएसएआईडी एडीएस ३०३.६) (USAID ADS 303.6) बमोजिम हुनुपर्नेछः
   - क) आतिथेय प्रदान गर्ने देशको कानुन बमोजिम उक्त संस्था बैधानिक रूपमा दर्ता भएको हुनुपर्ने;
   - ख) उक्त संस्थाको मुख्य काम वा व्यवसाय गर्ने स्थान आतिथेय प्रदान गर्ने मुलुक हुनुपर्ने;
   - ग) उक्त संस्थाको बहुमत स्वामित्व (तल दिइएको टिपोट हेर्नुहोस्) आतिथेय प्रदान गर्ने मुलुकका

नागरिक वा त्यहाँ बैधानिक रूपमा बसोवास गरिरहेका स्थायी आवासीय व्यक्तिहरूको हुनुपर्ने

घ) उक्त संस्था कुनै शासकीय निकायले व्यवस्थापन (तल दिइएको टिपोट हेर्नुहोस्) गरेको अवस्थामा त्यस निकायका बहुमत व्यक्तिहरू आतिथेय प्रदान गर्ने मुलुकका नागरिक वा त्यहाँ  बैधानिक रूपमा बसोवास गरिरहेका स्थायी आवासीय व्यक्तिहरू हुनुपर्ने ।

२. यूएसएआईडीबाट विगत पाँच वर्षमा प्रत्यक्ष सहायता (प्रमुख सहयोग पाउने संस्था) स्वरूप ५० लाख अमेरिकी डलरभन्दा बढी पाएको हुनुहुन्न ।

३. अमेरिकामा आधारित भई काम गर्ने संस्था हुनुहुन्न । एपीएस् अन्तर्गत सहायता पाउने प्रमुख संस्थाको रूपमा अमेरिका आधारित भई काम गरिरहेका संस्थाहरू योग्य हुँदैनन् ।

टिपोट: यस परिभाषाको प्रयोजनका लागि "बहुमत स्वामित्व" तथा "व्यवस्थापन गरेको" भन्नाले कुनै पनि तरिकाबाट संस्थाका व्यवस्थापकहरू वा संस्थाको शासकीय निकायका बहुमत सदस्यहरूको निर्वाचन, नियुक्ति वा अवधिको नियन्त्रण गर्न सक्ने, प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा हासिल हुने, जसको कार्यान्वयन भएको वा गर्न सकिने, लाभ पाउने हित तथा अधिकार लगायत समेटिएका छन् ।

यूएसएआईडीसँग विगतमा काम नगरेका स्थानीय संस्थाहरूलाई अवधारणा बुझाउन यूएसएआईडी विशेष रूपमा प्रोत्साहित गर्दछ ।

यो पूर्ण सूची नभएको र यो सूची देखाउने प्रयोजनका लागि मात्रै उल्लेख गरिएको भए पनि तल दिइएका किसिमका गैर अमेरिकी संस्थाहरूलाई यसमा सहभागी हुन प्रोत्साहित गरिन्छ:

- नागरिक समूहहरू
- कलेज तथा विश्वविद्यालयहरू
- सहकारीहरू
- धर्म तथा आस्थामा आधारित संस्थाहरू (एफबीओ)
- प्रतिष्ठानहरू
- गैर सरकारी संस्थाहरू
- निजी व्यवसायहरू
- व्यापारिक संस्थाहरू

<u>खण्ड ३: स्थानीय स्रोतहरू</u>

प्रस्तावित तरिकाहरूलाई उक्त योजनाको अवधिमा तथा त्यो सकिएपछि पनि मजबुत स्थानीय सहयोग होस् भन्ने सुनिश्चित गर्न एपीएस्ले यूएसएआईडी, गैर दातृ निकाय तथा स्थानीय स्रोतहरूको मिश्रण भएका गतिविधिहरूलाई प्रोत्साहित गर्छ । एपीएस्मा राखिएका अतिरिक्त दस्ताबेजहरूमा देशहरुका सन्दर्भमा उपयुक्त हुने स्थानीय तथा गैर दातृ निकायहरूको एउटा स्रोत वा स्रोतहरूको मिश्रण समावेश गर्न सञ्चालन इकाइहरूलाई प्रोत्साहित गरिएको छ । त्यस्ता तरिकामा खर्च साझा गर्ने, स्रोतहरूको उपयोग गर्ने, र/वा अन्तर्राष्ट्रिय दातृ निकायहरूले प्रदान गरेका बाहेकका स्रोतहरू जुटाउन वा भएका स्रोतहरूको उपयोग गर्न सहयोग पाउने स्थानीय निकायलाई मजबुत बनाउन गरिने कामहरू पर्न सक्छन् ।

<u>खण्ड ४: स्थानीय नेतृत्वमा हुने विकासका तरिकाहरू</u>

स्थानीय संस्थाहरुले यूएसएआईडीसँग काम गर्दै स्थानीय नेतृत्वमा गरिने विकासका तरिकाहरूको परीक्षण गर्ने तथा त्यसबाट सिकेर उक्त परीक्षणले विकासमा पार्ने प्रभाव हासिल गर्न सकून् भनी तय गरिएको प्रक्रियालाई उत्प्रेरित गर्न  एपीएस्को तर्जुमा गरिएको छ । आवेदकहरूले बुझाउने दस्ताबेजमा तल दिइएकामध्ये एउटा वा एउटाभन्दा बढी तरिकाहरू समावेश गर्न प्रोत्साहित गरिन्छ वा स्थानीय नेतृत्वमा गरिने विकासका सिकाइ लक्ष्यहरूको बारेमा निवेदकहरूको आफ्नै सिकाइलाई प्रतिबिम्बित गर्ने अर्को फरक तरिका(हरू) संलग्न गर्नुपर्छ ।

१ आवेदक तथा निजको क्षेत्रका सरोकारवालाहरू, साझेदार तथा यूएसएआईडीको बिचमा जानकारीको प्रवाहलाई सुधार गरी कार्यक्रमको नतिजा हासिल गर्न तथा त्यसलाई दिगो बनाउनका लागि स्थानीय सरोकारवालाहरूप्रतिको जबाफदेहितालाई सुदृढ बनाउन व्यवस्था कायम गर्ने सम्बन्धमा ।
२. कार्यक्रम सञ्चालन भैरहेको जटिल वातावरणलाई राम्रोसँग बुझ्नलाई सहयोगी हुन सक्ने सहभागितामूलक विश्लेषणात्मक तरिकाहरू ।
३. स्थानीय नेतृत्वमा भएका प्राथमिकता निर्धारण, सहकार्यात्मक तर्जुमा, निर्णय गर्ने शक्ति तथा नियन्त्रणहरूलाई महिला, युवा, धार्मिक तथा जातीय अल्पसंख्यक, एलजीबीटीक्यूआई+, तथा लैंगिक रूपमा विविधतायुक्त नागरिकहरू जस्ता परम्परागत रूपमा सीमान्तीकरणमा परेका स्थानीय व्यक्तिहरूतर्फ प्रत्यायोजन गर्ने अन्य तरिकाहरू लगायतलाई आत्मसात् गर्दै स्थानीय समावेशी नेतृत्व सुनिश्चित गर्दै सहभागितामूलक निर्णय प्रक्रियाको अबलम्बन गर्ने ।
४. स्थानीय निजी क्षेत्र, धर्म तथा आस्थामा आधारित संस्थाहरू, सरकार, नागरिक समाज, प्राज्ञिक क्षेत्रहरूसँग भएका स्रोतहरूको उपयोग गर्ने जस्ता पक्षहरू समावेश भएको सामुदायिक सहयोग परिचालन गर्ने; अन्तर्राष्ट्रिय दातृ निकायहरुका स्रोतहरूलाई प्रतिस्थापन गर्न स्थानीय सीप तथा वित्तका अन्य स्रोतहरूको प्रयोग गर्ने ।
५. स्थानीय विद्यमान तथा उदीयमान पात्रहरूका सञ्जालहरूलाई बुझ्ने तथा सहयोग गर्ने; स्थानीय आवश्यकताहरूलाई स्थानीय स्रोतहरूसँग जोड्नका लागि स्थानीय संस्थाहरूका कामहरूलाई सहयोग गर्ने, बजार सहजीकरण, सामूहिक कदम, सामूहिक प्रभाव तथा अन्य मागमा आधारित तरिकाहरूको प्रयोग गर्दै स्थानीय सञ्जालहरूलाई मजबुत बनाउने ।
६. विकासका समाधानहरू, विकासका प्रक्रिया, हासिल गरेका नतिजाहरूको दिगोपनसँग सम्बन्धित सिकाइहरू तथा तथ्याङ्कहरूको प्रयोग तथा व्यवस्थापनमा स्थानीय संस्थाहरूको भूमिकालाई बढोत्तरी गर्ने । स्थानीय /सामुदायिक नेतृत्वको तर्जुमा, अनुगमन, मूल्याङ्कन तथा सिकाइहरूमा सफलताको स्थानीय परिभाषालाई प्राथमिकतामा राख्ने ।
७. वैदेशिक सहायताबिना पनि लक्ष्य हासिल गर्न विकासलाई दिगो बनाउन स्थानीय संस्था तथा पात्रहरूको भूमिकालाई सशक्तिकरण गर्न रणनीतिक संक्रमणकाललाई सहयोग गर्ने । अनिश्चितता, अस्थिरता, पहुँच नभएको अवस्था, वा असुरक्षाको स्थितिले गर्दा सुरक्षित तथा प्रभावकारी रूपमा काम गर्न सक्ने क्षमतामा वाधा पुग्ने जटिल वातावरणमा अनुकूलन गरी समाधान खोज्ने । प्रकोपको अवस्था, दुर्गम भूगोलहरू, सक्रिय द्वन्द्व, भ्रष्टाचार, खुम्चिँदो राजनीतिक खुला ठाउँ, अपराधीकरण तथा महामारी जस्ता ती वातावरणहरूको सम्बोधन गरी दीर्घकालीन दिगोपन तथा उत्थानशीलता हासिल गर्नका लागि स्थानीय तरिकाहरू अपनाउने ।

यूएसएआईडीको स्थानीय नेतृत्वमा गरिने विकासका पहलहरू तथा स्थानीय नेतृत्वमा गरिने विकासका तरिकाहरूको बारेमा थप जानकारी पाउन हाम्रो वेबसाइटमा हेर्नुहोस् ।

खण्ड ५: प्रदान गरिने सहयोगको बारेमा ध्यान दिने

स्थानीय क्षमता अभिवृद्धि नीतिमा उल्लेख गरे अनुसार विदेशी सहयोगले स्थानीय प्रणालीहरूलाई बिथोल्न खेल्ने सम्भावित भूमिकालाई मध्यनजर गर्दै ती स्थानीय प्रणालीहरूलाई सहयोग गरी अन्ततः विदेशी सहयोग नचाहिने बनाउनका लागि यूएसएआईडीले ध्यान दिनुपर्छ । स्थानीय संस्थालाई दातृ निकायका अत्यधिक स्रोतहरू उपलब्ध गराई कृतिम रूपमा ठूलो बनाउँदा उक्त कोष सकिएपछि स्थानीय स्रोतहरूको सहयोगमा मात्रै दिगो नहुने आकारमा वृद्धि गराउनु उपयुक्त तरिका होइन । एपीएस् अन्तर्गत सञ्चालन इकाइ तथा स्थानीय संस्थाहरूले उपयुक्त सहयोगको परिमाण तय गर्ने जिम्मेवारी लिनुपर्छ । यस एपीएस् अन्तर्गत गरिने सहयोगको मात्रा उक्त सहयोग पाउने स्थानीय संस्थाको स्थानीय सन्दर्भमा दिगो तरिकाले वृद्धि हुने क्षमता (जसलाई कहिलेकाहीँ "अवशोचन क्षमता" पनि भनिन्छ) भन्दा बढी नहोस् भनी सञ्चालन इकाइहरूले सुनिश्चित गर्नुपदर्छ । यस

पहलमा बराबर हैसियतको साझेदारका रूपमा आवेदकहरूले विद्यमान स्रोत तथा क्षमताले विस्तार गर्न सक्ने क्षमतालाई प्रतिबिम्बित गर्ने बजेट तथा दायरा प्रस्ताव गर्नुपर्दछ । सहयोग गर्ने मात्राको अन्तिम निर्धारण उक्त सहयोग दिनुभन्दा अगाडि गरिएका सर्वेक्षणहरूको परिणामको आधारमा गर्नुपर्दछ ।

एपीएस् अन्तर्गत स्थानीय संस्था तथा समूहहरूलाई साना परिमाणका धैरै संख्यामा सहयोग प्रदान गर्न सञ्चालन इकाइहरूलाई एकदमै प्रोत्साहित गरिन्छ ।  त्यस्तै ती इकाइहरूलाई सहयोगमा अप्रत्यक्ष खर्च पुनर्प्राप्तिलाई पनि समावेश गर्न एकदमै प्रोत्साहित गरिन्छ ।

कुनै एउटा संस्थालाई एपीएस् अन्तर्गत सञ्चालन इकाइहरूले कति पटक सहयोग प्रदान गर्न मिल्छ भन्नेमा कुनै सीमा तोकिएको छैन । तर हरेक संस्था वा संस्थाहरूको समूहले प्रकाशित गरिएको एउटा अतिरिक्त दस्ताबेजमा एउटा अवधारणा मात्रै बुझाउन पाइनेछ।

<u>खण्ड ६: अतिरिक्त दस्ताबेज तथा यूएसएआईडीको सञ्चालन इकाइको सह-सिर्जनाका लागि निर्देशनहरू</u>

आफ्नो सञ्चालन इकाइका निश्चित लक्ष्यहरूलाई सम्बोधन गर्नका लागि एपीएस अन्तर्गत सहयोगका अवसरहरूको रूपमा अतिरिक्त दस्ताबेजहरू जारी गरी ती इकाइहरूले स्थानीय नेतृत्वमा गरिने विकासका तरिकाहरूका लागि अवधारणाहरू माग गर्न सक्छन् । अतिरिक्त दस्ताबेजहरूलाई डीडीआई/एलएफटी/एलएलडीआई सँगको सहकार्यमा तर्जुमा गरी उक्त निकायबाट अनुमोदन गरिन्छ ।

अतिरिक्त दस्ताबेज जारी गर्न इच्छुक सञ्चालन इकाइहरूले स्थानीय नेतृत्वमा गरिने विकासका क्रियाकलाप प्रबन्धकलाई जतिसक्दो चाँडो LLD-APS@usaid.gov मा सम्पर्क गर्नुहोला । सञ्चालन इकाइहरूले अतिरिक्त दस्ताबेजहरूमा समावेश गर्नुपर्ने विवरणहरू उल्लेख भएको अतिरिक्त दस्ताबेजको ढाँचा क्रियाकलाप प्रबन्धकले उपलब्ध गराउनेछन् । स्थानीय संस्थाहरूले आफ्नो अवधारणा बुझाउनका लागि पर्याप्त समय होस् भन्ने हेतुले डीडीआई/एलएफटी/एलएलडीआईले कम्तीमा चार हप्ताको अवधि प्रदान गर्नुपर्ने व्यवस्था गरेको छ । यसको अवधि छ हप्ता वा त्योभन्दा बढीको समय सिफारिस गरिएको छ ।

अतिरिक्त दस्ताबेजहरूलाई सम्बन्धित स्थानीय भाषा(हरू)मा अनुवाद गर्न तथा स्थानीय भाषा(हरू)मा अवधारणालाई स्वीकार्न सञ्चालन इकाइहरूलाई एकदमै प्रोत्साहित गरिन्छ । २ सीएफआरु २००.१११ (2 CFR 200.111) बमोजिम सबै अतिरिक्त दस्ताबेजहरू पहिला अंग्रेजीमा सार्वजनिक गर्दै अन्य भाषाका संस्करणमा केही फरक आएमा अंग्रेजी भाषाको संस्करणको दस्ताबेजलाई आधिकारिक मानिनेछ भन्ने अस्वीकरण पनि जारी गर्नुपर्छ । साथै सबै संघीय सहयोग प्रदान गर्ने जानकारीहरू अंग्रेजी भाषामा लेखिनुपर्दछ ।

सम्भावित स्थानीय साझेदारहरूलाई प्रवेश गर्ने अवरोधहरू कम गर्ने तथा सञ्चालन इकाइका आवश्यकताहरूलाई पूर्ति गर्ने गरी बहु चरणको आह्वान तथा सह-सिर्जना प्रकियाको बारेमा अतिरिक्त दस्ताबेजले बयान गर्न आवश्यक हुन्छ । सह-सिर्जनाको पूर्ण आवेदन वा सहयोगका दस्ताबेजहरू तयार गर्नु अगाडि कम्तीमा पनि छोटो अवधारणापत्र बुझाउनुपर्छ । यस एपीएसको लागि अतिरिक्त दस्ताबेजले अनिवार्य नगरेसम्म पूरै निवेदन संलग्न गर्नुपर्दैन ।

सञ्चालन इकाइलाई स्थानीय पात्रहरूका आवश्यकतालाई उत्तम तरिकाले सम्बोधन गर्ने गरी पेश गर्ने ढाँचाको बारेमा सिर्जनात्मक रूपमा विचार गर्न प्रोत्साहन गरिन्छ । त्यस्ता तरिकामा छोटकरीको लिखित आशय पत्र, मौखिक प्रस्तुति, अनलाइन फारम, स्लाइडहरू पर्छन् । अतिरिक्त दस्ताबेजमा स्थानीय संस्थाहरूले उनीहरूलाई उपलब्ध अवसरहरूको प्रतिक्रिया स्वरूप आवेदन पेश गर्ने तयारी गर्ने पर्याप्त समय होस् भनी समयसीमा चार हप्ताभन्दा कम हुनुहुँदैन । छ हप्ता वा त्योभन्दा बढी समय सिफारिस गरिन्छ ।

स्थानीय पात्रहरूले यस एपीएस् अन्तर्गत पूर्ण रूपमा तर्जुमा गरिएका गतिविधिहरू प्रस्तावित गर्नुपर्दैन । स्थानीय सन्दर्भबाट पहिचान गरिएका समाधानमा काम गर्नु स्थानीय नेतृत्वमा गरिने विकासको एपीएस्को मनसायभित्र पूर्णरूपमा पर्ने कुरा हुन् ।

स्थानीय नेतृत्वमा गरिने विकासको एपीएस्मा सम्भावित स्थानीय साझेदार(हरु)सँग उनीहरूलाई सहयोग प्रदान गर्नु अगाडि सह-सिर्जना गर्नु आवश्यक हुन्छ । यस प्रक्रियामा लिखित सुझाब दिनेभन्दा अगाडि गई प्रत्यक्ष अन्तरक्रिया, फोन र/वा विद्युतीय माध्यमबाट छलफल गरी सम्भावित साझेदार(हरू) गतिविधिलाई सह-सिर्जना गर्नुपर्छ । सम्भावित साझेदा(हरू)सँग सञ्चार गर्दा सञ्लानल इकाइले साझेदारको समय तथा स्रोतहरूको सम्मान गर्न उपयुक्त सह-सिर्जनाको समय निर्धारण गर्नुपर्छ ।

<u>खण्ड ७: चयन प्रक्रिया तथा सुयोग्यता समीक्षाका मापदण्डहरू</u>
<u>यूएसएआईडीका सञ्चालन इकाइहरूलाई निर्देशन</u>

<u>चयन प्रक्रियाहरू</u>
सञ्चालन इकालइले अतिरिक्त दस्ताबेजहरूमा निश्चित चयन प्रक्रियाको बयान गर्नुपर्छ । त्यसमा प्रारम्भिक रूपमा पेश गरिएका आवेदनहरूलाई “उत्तीर्ण/अनुत्तीर्ण” वा “रातो बत्ती/हरियो बत्ती” भनी निर्क्योल गर्ने तरिका हुन सक्छन् । कम्तीमा पनि चयन प्रक्रियामा आवेदकले पेश गर्ने हरेक चरणमा स्थानीय नेतृत्वमा गरिने विकासको सुयोग्यता समीक्षा मापदण्डको मूल्यांकन समावेश गर्नुपर्छ ।

सुयोग्यताको मूल्यांकन मापदण्ड
सुयोग्यताको मापदण्डको मूल्याङ्कन गर्दा सम्बन्धित सञ्चालन इकाइले तल उल्लिखित पक्षहरूको प्रयोग गरी न्यूनतम मापदण्ड पूरा गर्ने अवधारणाहरूको समीक्षा तथा मूल्याङ्कन गर्नेछन् । खण्ड २ को आवेदकको योग्यताको मापदण्ड पूरा नगर्ने अवधारणालाईहरुलाई खारेज गरिनेछ । अतिरिक्त दस्ताबेजमा सञ्चालन इकाइले आफ्नो इकाइलाई उपयुक्त हुने प्राथमिकताहरू प्रतिबिम्बित गर्ने गरी थप्न सक्छन् । कुनै पनि मापदण्डलाई स्थानीय नेतृत्वमा गरिने विकासभन्दा बढी भार दिनुहुँदैन ।

सुयोग्यताका मापदण्डहरू एकदमै महत्त्वपूर्ण भए पनि यस सहयोग प्रदान गर्दा लागत पनि प्रमुख रूपमा आउन सक्छन् । सबभन्दा कम लागत प्रस्तावित गरिएको अवधारणा वा सबभन्दा बढी सुयोग्यतामा प्राप्ताङ्क भएको आवेदकलाई सहयोग उपलब्ध गराउन अमेरिकी सरकार बाध्य हुने छैन ।

क. स्थानीय नेतृत्वमा गरिने विकास
आवेदकले स्थानीय सन्दर्भको बारेमा राम्रो बुझाइ प्रस्तुत गर्छन् र पारदर्शी छन् र आफूले सेवा दिनेहरूका आवश्यकता तथा सुझाबहरूप्रति सकारात्मक धारणा राखी काम गर्छन् । प्रस्तावित तरिका तथा टोलीको व्यवस्था गर्दा महिला, युवा, धार्मिक तथा जातीय अल्पसंख्यक, एलजीबीटीक्यूआई+, तथा लैंगिक रूपमा विविधतायुक्त नागरिकहरू जस्ता परम्परागत रूपमा सीमान्तीकरणमा परेका स्थानीय व्यक्तिहरूतर्फ प्राथमिकता तय गर्ने र निर्णय गर्ने अधिकार प्रत्यायोजन गरी प्रभावकारी तवरले तरिकाहरूलाई स्थानीय पात्रहरूको जिम्मामा पुऱ्याउँछन् । स्थानीय नेतृत्वमा गरिने विकास आफ्नो लागि, समुदायको लागि तथा बृहत् विकास समुदायको लागि हो भन्ने अभ्यास सम्बन्धी सिकाइलाई अगाडि बढाउन आवेदकले उल्लेखनीय प्रतिबद्धता देखाएका छन् । यो काममा यूएसएआईडीको लगानीले उक्त सहयोग प्रदान गरिएको समय सकिएपछि पनि नतिजा हासिल गर्नलाई स्थानीय संस्था, सञ्जाल र/वा समुदायहरूको क्षमता अभिवृद्धि गर्ने बनाउनु हो ।

अतिरिक्त दस्ताबेजहरूमा सञ्चालन इकाइहरूले मूल्याङ्कनका मापदण्डहरूमा सुयोग्यताको समीक्षा मापदण्डहरू थप गर्न सक्छन् । कुनै पनि मापदण्डलाई स्थानीय नेतृत्वमा गरिने विकासभन्दा बढी भार दिनुहुँदैन ।

खण्ड ८: अवधारणा साझा गर्ने

यदि यूएसएआईडीले कुनै अवधारणालाई मजबुत बनाउन वा त्यसलाई स्रोत जुटाउन आफ्ना अन्य व्यवस्थाहरू मार्फत, अन्य सम्भावित दाताहरू मार्फत, र/वा बाह्य साझेदारहरू मार्फत गर्न सकिने अवस्था देखेमा उक्त अवधारणामाथि उपयुक्त रूपमा विचार गर्न यूएसएआईडीले आन्तरिक वा बाह्य रूपमा एक वर्षको अवधिसम्मका लागि त्यसलाई उपलब्ध गराउन सक्नेछ ।

खण्ड ९: संघीय सहयोग प्रदान सम्बन्धी सूचना

एपीएस् कुनै निश्चित कोषबाट रकम पाउने कार्यक्रम होइन । एपीएस् अन्तर्गत प्रस्तावित क्रियाकलापहरूका लागि आर्थिक स्रोत यूएसएआईडीको त्यही सञ्चालन इकाइबाट मागिनेछ जससँग आवेदकले काम गर्ने भनी छानेका छन् र जहाँ प्रस्ताव बुझाएका छन् ।

एपीएस् अन्तर्गत बुझाइएका कुनै पनि अवधारणालाई सहयोग प्रदान गर्न वा कसैलाई पनि नगर्न यूएसएआईडी स्वतन्त्र छ । सम्भावनाहरू उल्लेख्य भएको तथा स्रोतको सहयोगको बारेमा निर्धारण गर्नुको अर्थ सहयोग प्रदान गर्ने प्रतिबद्धता होइन ।

यूएसएआईडीको स्वचालित निर्देशिकाहरूको प्रणाली (एडीएस) (ADS) तथा संघीय खरिद नियमहरू र सहयोग तथा सहकार्यात्मक सम्झौताहरूले अनुमति दिएका सबै सबै किसिमका कार्यक्रमलाई एपीएस्ले सहयोग गर्छ । विभिन्न किसिमका सहयोगका पक्षहरू तथा मापदण्डहरूको बारेमा थप जानकारी पाउन एडीएस्को खण्ड ३०३ (see ADS Chapter 303.) हेर्नुहोला ।

अमेरिकी सरकारको सहयोग पाउन योग्य हुन संस्थाहरूले निश्चित मापदण्डहरू पूरा गर्नुपर्छ । एपीएस् अन्तर्गत अवधारणापत्र बुझाउनकै लागि ती मापदण्डहरू पूरा गर्नु नपरे पनि यदि आवेदकलाई कुनै क्रियाकलापको सह-सिर्जना गर्न आमन्त्रण गरिएको वा निजले यूएसएआईडीबाट सहयोग पाउने अवस्थामा आवेदकले पूरा गर्नुपर्छ । ती मापदण्डहरू यसप्रकार रहेका छन् :

- दर्ताको सम्बन्धमा :
    - पहिलो पटक यूएसएआईडीबाट सहयोग पाउँदै गरेका लगभग सफल आवेदकहरूलाई सहयोग प्राप्त गर्नु अगाडि उनीहरू यूएसएआईडीबाट सहयोग पाउनका लागि उपयुक्त प्रक्रियाहरूको व्यवस्था गरिएको छ भनी प्रमाणीकरण गर्न एक सर्वेक्षणमा सहभागी गराउनुपर्छ । (एडीएस ३०३.३.९.१) (ADS 303.3.9.1)।
    - कुनै आवेदकलाई संघीय रूपमा सहयोग प्रदान गर्ने निकायले २ सीएफआर २५.११० (डी) under 2 CFR 25.110(d) अन्तर्गत छुट दिइएको हकमा बाहेक हरेकले तल दिइएका कामहरू गर्नुपर्छ:
        - प्रदान गरिएको सहयोगको व्यवस्थापन प्रणाली (एसएएम) मा दर्ता भई संस्थाको विशिष्ट पहिचान गर्ने बैध संकेत उपलब्ध गराउनुपर्छ र
        - संघीय रूपमा प्रदान गरिएको सहयोग सक्रिय भएको अवधिभर वा संघीय रूपमा सहयोग प्रदान गर्ने निकायले कुनै निवेदा वा योजनामा विचार गरिरहेको अवस्थामा एसएएम्मा अद्यावधिक गरिएको जानकारी सहितको सक्रिय दर्ता कायम गरिराख्नुपर्छ

- सहयोग पूर्वका निवेदनहरू:
  - एसएफ - ४२४, संघीय सहयोगका लागि आवेदन (SF-424, Application for Federal Assistance)
  - एसएफ -४२४ए, लागत आवेदन जानकारी – गैर- निर्माण कार्यक्रमहरू (SF-424A, Cost application Information – Non-Construction Programs)
  - एसएफ -४२४बी, आश्वासनहरू – गैर निर्माण कार्यक्रमहरू (SF-424B, Assurances – Non-Construction Programs)
  - एसएफ -४२५, संघीय वित्तीय फारम (SF-425, Federal Financial Form)

- सहयोग पाउनेका प्रमाणीकरण, आश्वासनहरू, प्रतिनिधित्व तथा अन्य भनाइहरू र सहयोग प्रदान गर्नु अगाडिका शर्तहरू:
  - सहयोग पाउनेका प्रमाणीकरण, आश्वासनहरू, प्रतिनिधित्व तथा अन्य भनाइहरू
  - सहयोग प्रदान गर्नु अगाडिका शर्तहरू

यसका अलावा एपीएस् अन्तर्गत सञ्चालन इकाइहरूले सहयोग प्रदान गरेका क्रियाकलापहरूको प्रतिवेदन पेश गर्ने सम्बन्धी मापदण्डहरू छानिएका सहयोग पाउने संस्था तथा सहयोग प्रदान गर्ने सञ्चालन इकाइबिच सहकार्यात्मक शैलीमा तय हुनेछ । ती पक्षहरूलाई सहयोग प्रदान गर्दा आदानप्रदान गरिने दस्ताबेजमा उल्लेख गरिनुपर्छ ।

एपीएस्का बारेमा सामान्य प्रश्नहरूको लागि डीडीआई/एलएफटी/एलएलडीआई मा रहेका स्थानीय नेतृत्वमा गरिने विकासको क्रियाकलाप प्रबन्धकलाई LLD-APS@usaid.gov मा सम्पर्क गर्न सक्नु हुनेछ ।

संलग्न कागजात क: आवेदकहरूलाई अवधारणा निर्देशन:

अवधारणा तथा त्यसमा संलग्न कागजातहरूलाई त्यही यूएसएआईडीको सञ्चालन इकाइको सम्पर्क व्यक्तिलाई बुझाउनुपर्छ जहाँबाट सहयोग माग गरिन्छ । अवधारणा बुझाउने सम्बन्धमा निश्चित मार्गदर्शनका लागि सञ्चालन इकाइले जारी गरेका अतिरिक्त दस्ताबेजहरू हेर्नुपर्छ । अवधारणाहरूलाई सम्बन्धित सञ्चालन इकाइहरूको तजबिजमा तय भएका विभिन्न ढाँचाहरूमा बुझाउन सकिन्छ तर ढाँचाहरू तल दिइएका तरिकामा मात्र सीमित भने छैनन्:

- दुई पेजको आशयपत्र
- पाँच पृष्ठभन्दा लामो नहुने अवधारणा पत्र
- अनलाइन फारम
- १० स्लाइडभन्दा बढी नहुने गरी स्लाइडहरूको समूह
- बीस मिनेटभन्दा लामो नहुने गरी मौखिक प्रस्तुति । यदि सञ्चालन इकाइले मौखिक प्रस्तुति उपयुक्त छ भन्ने निर्धारण गरेमा त्यसको सारांशलाई इमेल मार्फत उक्त इकाइलाई पठाउनु पर्नेछ । त्यसपछि उक्त इकाइले आवेदकलाई मौखिक प्रस्तुतिको समय निर्धारण गर्न सम्पर्क गर्नेछ ।

आवेदकले अवधारणा अंग्रेजीमा वा सञ्चालन इकाइले स्वीकृति दिएको स्थानीय भाषामा बुझाउनु पर्नेछ। कम्तीमा तल दिइएका विवरणहरू अवधारणाहरूमा उल्लेख हुनुपर्छ:

अ. सारांश विवरण
क. आवेदकको नाम तथा सम्पर्क विवरण
ख. संस्थाको प्रकार तथा बैधानिक दर्ता भएको देश

ग. आवेदक    ले विगतका पाँच वर्षहरूमा यूएसएआईडीबाट ५० लाख डलरभन्दा बढी सहयोग नपाएको सम्बन्धी स्वघोषणा
घ.    प्रस्तावित क्रियाकलापको शीर्षक
ङ. प्रस्तावित क्रियाकलाप सञ्चालन गर्ने स्थान
च. यदि कुनै संस्थाले सहकार्य गर्ने हो भने उक्त संस्थाको नाम, सम्पर्क विवरण तथा साझेदार संस्थाको प्रकार तथा बैधानिक दर्ता भएको देश
छ. क्रियाकलापको समग्र उद्‌देश्य तथा स्थानीय नेतृत्वमा गरिने विकासको तरिकाको बारेमा (तीनदेखि चार वाक्यमा)
ज. प्रस्तावित क्रियाकलापमा संलग्न गरिएको स्थानीय नेतृत्वमा हुने विकासका तरिका(हरू)को छोटकरीमा जानकारी (एकदेखि दुई वाक्यमा)
झ. यूएसएआईडीबाट माग गरिएको रकम अमेरिकी डलरमा
ञ. संस्थाको विद्‌यमान स्रोत तथा बढ्ने क्षमतालाई माग गरिएको कोषको रकमले कसरी ठिकै ढंगले प्रतिबिम्बित गर्छ भन्ने बारेमा जानकारी

आ**.**गद्‌यात्मक विवरण

सफल गद्‌यात्मक विवरणहरूमा आवेदकको प्रस्तावित प्राविधिक तरिकाहरूको प्रस्ट र तर्कपूर्ण रूपम समग्रतामा राखिएको हुन्छ । त्यसमा तल दिइएका पक्षहरुको बारेमा छलफल समावेश गरिएको छ । यहाँ उल्लिखित हरेक पक्षको खण्ड ७, मूल्याङ्कन मापदण्डका शर्तहरूसँग एकरूपता रहेको छ भन्ने याद गर्नुहोस् ।

स्थानीय नेतृत्वमा गरिने विकास:

- अवधारणाले सम्बोधन गर्न खोजेको चुनौती(हरू) के के हुन् ? स्थानीय व्यक्तिहरूले ती चुनौतीहरूलाई कसरी अनुभव गर्छन् र उनीहरूले के महत्त्वपूर्ण छ ? आवेदकलाई त्यसको बारेमा कसरी थाहा भएको हो ?
- सीमान्तकृत व्यक्तिहरू तथा कुनै साझेदारहरू लगायतका विविधतायुक्त स्थानीय संस्थाहरूले प्राथमिकता तय गर्ने तथा उक्त विषयलाई सम्बोधन गर्ने गरी नेतृत्व गर्ने वातावरण कसरी बनाउने ?
- स्थानीय नेतृत्वमा गरिने विकास सम्बन्धी अभ्यासलाई अगाडि बढाउने वातावरण बनाउन तथा त्यसका सिकाइलाई साझा गर्न आवेदकको रणनीतिले कसरी काम गर्छ ? र कोसँग काम गर्छ ?
- सिकाइको लागि तपाईंको तरिका के हो ? आफूले सिकेका ज्ञानहरूलाई कसरी साझा गर्ने ? कोसँग गर्ने ?
- आवेदकको रणनीतिले सहयोग प्रदान गरिने अवधिभन्दा पछाडि पनि नतिजा हासिल गर्न स्थानीय संस्था, सञ्जाल र/वा समुदायहरूको क्षमता कसरी अभिवृद्‌धि गर्छ ?

यस पृष्ठको योभन्दा तलको भाग जानीजानी खाली राखिएको हो ।